# नेपालगञ्ज उपमहानगरपालिका

## नगर विपद् व्यवस्थापन स्वयंसेवक परिचालन निर्देशिका

## २०८०

**नेपालगञ्ज उपमहानगरपालिका**

प्रमाणीकरण मितिः २०८० पौष १८ गते

**प्रस्तावनाः**

विपद् पूर्वतयारी र प्रतिकार्यका लागि स्वयंसेवकहरुलाई प्रभावकारी र व्यवस्थित रुपमा परिचालन एवं व्यवस्थापन गरी विपद्का समयमा जनधनको क्षति न्यूनीकरण गर्न स्वयंसेवकहरुको आवश्यक क्षमता अभिबृद्धि तथा संस्थागत विकास गर्दै उपमहानगरपालितकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमतालाई मजबुत बनाउनका लागि स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २९ तथा विपद् व्यवस्थापन स्वंसेवक ब्युरो गठन तथा परिचालन कार्यबिधि, २०७८  बमोजिम यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद–१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम **"नेपालगंज उपमहागरपालिकाको विपद् व्यवस्थापन स्वयंसेवक परिचालन निर्देशिका, २०८०"** रहेकोछ ।

(ख) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "नगरकार्यपालिका" भन्नाले नेपालगञ्ज उपमहानगरपालिकाको कार्यपालिका भन्ने सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले नेपालगञ्ज उपमहानगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ ।

(ग) "नगर" भन्नाले नेपालगञ्ज उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) "नगरसभा" भन्नाले नेपालगञ्ज उपमहानगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ङ) "वडा" भन्नाले नगरका वडा समितिलाई सम्झनुपर्दछ ।

(च) "स्वयंसेवक" भन्नाले नगर, वडा तथा समुदायस्तरमा गठन भएका विपद् पूर्वतयारी, प्रतिकार्यकालागि प्राथमिक उपचार, आधारभुत खोज तथा उद्धार, अग्नि नियन्त्रण, विपद् पश्चात लेजाजोखा तथा अन्य विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन सम्बन्धी तालिम प्राप्त स्वेच्छाले खटिने जनशक्ति सम्झनुपर्छ ।

(छ) "नियम" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५ सम्झनुपर्छ ।

(ज) "निर्देशिका" भन्नाले नेपालगंज उपमहानगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, २०८० सम्झनुपर्छ ।

(झ) "सूचीकरण" भन्नाले यस निर्देशिका बमोजिम स्वयंसेवक व्यक्ति वा स्वयंसेवक सञ्चालन गर्ने संघसंस्थालाई नगर विपद् तथ्याङ्क सूचना प्रणालीमा प्रविष्ट गर्ने प्रकृया र परिणामलाई सम्झनुपर्छ।

## परिच्छेद–२

**३. स्वयंसेवक ब्युरोका मार्गदर्शक सिद्धान्त र परिचालन बिधिः**

(१) स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यबिधि २०७८ बमोजिम यस उपमहानगरपालिका र अन्य संघसंस्थामा आबद्ध स्वयंसेवकले कार्यसम्पादन गर्दा देहायका मार्गदर्शक सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ ।

(क) मानवता

(ख) प्रतिबद्धता

(ग) स्वामित्व

(घ) समावेशीता
(ङ) ऐक्यबद्धता
(च) निष्पक्षता
(छ) तटस्थता

२. उपदफा (१) मा उल्लेखित मार्गदर्शक सिद्धान्त स्वयंसेवक ब्यूरो, स्वयंसेवाका लागि खटिने स्वयंसेवक तथा सामुदायिक विपद् प्रतिकार्य टोलीहरुले यो निर्देशिकाको उद्देश्य बमोजिम कार्यसम्पादन गर्दा पालना गर्नुपर्नेछ ।
३. उपदफा (१) मा उल्लिखित मार्गदर्शक सिद्धान्तहरुलाई स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघसंस्था वा निकायले पालना गर्नुपर्ने अनुशासन, मापदण्ड तथा आचार संहितामा समेत उल्लेख गरी कार्यान्वयन गर्नुपर्नेछ ।
४. उपदफा (३) बमोजिम अनुशासन तथा आचार संहिता तयार गर्दा अन्तर्राष्ट्रिय मानवीय कानुन र मूल्य मान्यता, प्रचलित कानुन, स्थानीय समुदायका सँस्कार, लैङ्गिक समता, फरक क्षमता भएका व्यक्तिहरूको आधारभूत अधिकार र मानव अधिकारको रक्षाका बिषयलाई समेत ध्यान दिनुपर्नेछ ।
५. स्वयंसेवक ब्युरोले यस निर्देशिका बमोजिम सूचिकृत स्वयंसेवक परिचालन तथा ब्यवस्थापन गर्न स्तरीकृत संचार संयन्त्र विकास गरि विपद्को संक्षिप्त सूचना, स्वयंसेवक उपलब्धताको सुनिश्चिचता लगायतका सूचना समावेश गरिएको संचार संयन्त्र विकास गरी द्रुत परिचालन तथा ब्यवस्थापन प्रणाली कार्यान्वयन गर्नुपर्नेछ ।

## ४. उद्देश्यः

(१) यस निर्देशिकाको मुख्य उद्देश्य प्राकृतिक र गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा राहत वितरण तथा व्यवस्थापनका लागि स्वयंसेवकहरुको व्यवस्थित, मर्यादित तथा संस्थागत विकास र परिचालन गरी नगरपालिकाको विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य क्षमता संस्थागत एवं सुदृढ गर्नु हो । यस निर्देशिकाका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) विपद् व्यवस्थापनका विभिन्न विषयक्षेत्रमा स्वयंसेवकहरुको उत्पादन, गठन तथा विकास गर्नु,
(ख) स्वयंसेवकहरूलाई सङ्गठित गर्नु, उनीहरूको ज्ञान, सिप, दक्षता, अनुशासन र क्रियाशीलता बढाउनु,
(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवाको संस्थागत विकास र परिचालनका लागि नगरपालिका, वडा तथा समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनको संस्थागत संरचनाको व्यवस्था गर्नु,
(घ) स्वयंसेवक संगठित तथा परिचालन गर्ने संघ संस्था वा निकायका प्रयासलाई एकिकृत, व्यवस्थित र सुदृढ गर्नु,
(ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा परिचालन हुने स्वयंसेवकहरुबीच आपसी सहयोग, समझदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु,
(ङ) विपद् प्रतिकार्यमा परिचालन हुने विभिन्न संघसंस्थाहरुका स्वयंसेवकहरूको परिचालन र व्यवस्थापनमा सहजीकरण गर्नु ।

# परिच्छेद–३

## ५. नगरस्तरीय स्वयंसेवक ब्युरोको गठन र सञ्चालन सम्बन्धी व्यवस्थाः

(१) उपमहानगरपालिकामा नगर विपद् व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा बढीमा १३ सदस्यीय नगर स्वयंसेवक ब्युरो गठन गरिनेछ। उक्त ब्युरोमा देहायका निकाय वा संस्थाका प्रमुख वा प्रतिनिधि सदस्य रहने छन्। यो समितिको कार्यावधि २ हुनेछ।

(क) उपमहानगरपालिकाका विपद् व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यः **संयोजक**

(ख) वडा विपद् व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट स्थानीय विपद् व्यवस्थापन समितले मनोनयन गरेका २ (दुई) जनाः **सदस्य**

(ग) प्रमुख वा प्रतिनिधी, उपमहानगर स्वास्थ्य महाशाखाः **सदस्य**

(घ) प्रमुख वा प्रतिनिधी वडा प्रहरी कार्यालयः **सदस्य**

(ङ) प्रमुख वा प्रतिनिधी, नेपाल रेडक्रस सोसाइटीः **सदस्य**

(च) प्रमुख वा प्रतिनिधी, स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रः **सदस्य**

(छ) प्रमुख वा प्रतिनिधी, नगरपालिका बारुणयन्त्रः **सदस्य**

(ज) प्रमुख वा प्रतिनिधी, उपमहानगर प्रहरीः **सदस्य**

(झ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशील नेपालगञ्ज उपमहानगरपालिका अन्तर्गतका संघ संस्था वा निकायका प्रमुख वा प्रतिनिधी एवं उद्योग तथा वाणिज्य क्षेत्रमा क्रियाशील निजी क्षेत्रका छाता संगठनहरुका प्रमुख वा प्रतिनिधीहरु मध्ये उपमहानगरपालिका स्वयंसेवक ब्युरो संयोजकले मनोनयन गरेका कम्तीमा १ (एक) जना महिला सहित ३ (तीन) जनाः **सदस्य**

(ञ) उपमहानगरपालिका विपद् व्यवस्थापन समितिले विपद्सम्बन्धी काम गर्न तोकेका अधिकृत कर्मचारीः **सदस्य सचिव**

२. उपदफा (१) को खण्ड (झ) बमोजिम मनोनित सदस्यको पदावधि सामान्यतया २ (दुई) वर्षको हुनेछ। तर ती सदस्यलाई पुनः नियुक्ति गर्न वाञ्छनीय छ भन्ने नगरपालिका स्वयंसेवक ब्युरोलाई लागेमा अर्को एक कार्यकालको लागि पुनः मनोनित गर्न बाधा पर्ने छैन।

३. उपदफा (१) बमोजिम ब्युरोको गठन नभएको अवस्थामा स्थानीय विपद् व्यवस्थापन समितिले ब्युरोको काम, कर्तव्य र अधिकार प्रयोग गर्न गराउन सक्नेछ।

४. नगरपालिका ब्युरोले आफ्ना पदाधिकारीहरू मध्येबाट ब्युरोका संयोजकको संयोजकत्वमा कम्तीमा १ (एक) जना महिला सहित ३ (तीन) जना सदस्य र ब्युरोका सदस्य सचिव रहेको एक सहजीकरण समिति गठन गरी नगरपालिका ब्युरोको तर्फबाट गर्नुपर्ने काम, कर्तब्य र अधिकार प्रदान गर्न सक्नेछ।

५. उपदफा (४) बमोजिम गठन भएको सहजीकरण समितिले सम्पादन गरेका कार्य र निर्णयहरू उपमहानगरपालिका ब्युरोको आगामी बैठकमा पेश गर्नुपर्नेछ। सहजीकरण समितिले गरेका कार्य र निर्णयहरु नगर ब्युरोको बैठकले अनुमोदन गर्नुपर्नेछ। नगर ब्युरोको बैठकले अनुमोदन नगरेमा सहजीकरण समितिले गरेका त्यस्ता कार्य र निर्णयहरु स्वतः बदर हुनेछन।

## ६. नगर स्वयंसेवक ब्युरोको बैठकसम्बन्धी व्यवस्थाः

(१) नगर स्वयंसेवक ब्युरोको बैठक संयोजकको अध्यक्षतामा सामान्यतया वर्षको कम्तीमा ३ पटक बस्न सक्नेछ। तर बैठक बस्न आवश्यक भएमा संयोजकले जुनसुकै समयमा पनि बैठक बोलाउन सक्नेछ।

(२) बैठक सञ्चालनको कार्यविधि नगर स्वयंसेवक ब्युरो आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) बैठकको निर्णय सामान्यतया सर्वसम्मत वा बहुमतको आधारमा गरिनेछ। यदि बहुमतको आधारमा निर्णय हुन नसकी मत बराबर भएमा संयोजकको मत निर्णायक हुनेछ।

(४) सहजीकरण समितिको बैठक सहजीकरण समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

**७. उपमहानगरपालिका ब्युरोको काम, कर्तव्य र अधिकारः**

**(१) नगर स्वयंसेवक ब्युरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) स्वयंसेवक परिचालन तथा व्यवस्थापन सम्बन्धमा नगरस्तरिय निर्देशिका, मापदण्ड, आचार संहिता र कार्ययोजना तर्जुमा गर्ने कार्यपालिकाबाट स्वीकृत भएपछि कार्यान्वयन हुनेछ) तर यस्तो निर्देशिका, मापदण्ड, आचारसंहिता र कार्ययोजना राष्ट्रिय स्वयंसेवक ब्युरो र प्रदेश स्वयंसेवक ब्युरोले लागु गरेको भन्दा प्रतिकूल हुने गरी तर्जुमा गर्न पाईने छैन।

(ख) नगर स्वयंसेवक संघसस्था तथा समुहको गठन, क्षमता विकास, परिचालन र व्यवस्थापनमा आवश्यक सहयोग, समन्वय र सहकार्य गर्ने।

(ग) उपमहानगरपालिका स्तरमा क्रियाशील स्वयंसेवी संघसंस्था, समुह र स्वयंसेवकको अभिलेख राख्ने वा राख्न लगाउने।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा खटिने स्वयंसेवी संघसंस्था समुह वा स्वयंसेवकलाई तोकिएको निर्देशिका, मापदण्ड र आचारसंहिता पालना गर्न लगाउने।

(ङ) उपमहानगरपालिकामा क्रियाशील विभिन्न स्वयंसेवी संघसंस्था, समुह र स्वयंसेवक बीच आपसी सहयोग, सहकार्य र समन्वयको भूमिका निर्वाह गर्ने।

(च) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवक परिचालन तथा व्यवस्थापन सम्बन्धी अन्य आवश्यक काम गर्ने।

**८. नगर ब्युरोको सचिवालय सम्बन्धी व्यवस्थाः**

(१) नगर स्वयंसेवक ब्युरोको सचिवालय स्थानीय आपतकालीन कार्यसंचानल केन्द्रको कार्यालयमा रहनेछ।

(२) नगर स्वयंसेवक ब्युरोमा काम गर्ने जनशक्ति र साधन स्रोतको व्यवस्था उपमहानगरपालिकाले गर्नेछ।

(३) नगर स्वयंसेवक ब्युरोले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा उपमहानगरपालिका तहमा क्रियाशील संघसंस्था र निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गर्न सक्नेछ।

**९. वडा स्वयंसेवक समिति गठन र काम कर्तव्य र अधिकार**

(१) वडाअध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा विपद् सम्वन्धी तालीम प्राप्त जनशक्ति, टोल विकास संस्था, स्थानीय स्काउट, महिला समूह, स्थानीय क्लबका प्रतिनिधीहरु, स्थानीय शिक्षक, रेडक्रस, अवकास प्राप्त प्रहरी तथा सेनाका प्रतिनिधि, स्थानीय क्लवका प्रतिनिधीहरु र अन्य समाजिक अभियान्ताहरु मध्येबाट छरितो खालको वडा विपद् प्रतिकार्य स्वयंसेवक समिति गठन गरिनेछ।

(२) समुदाय वा वडास्तरमा गठित सामुदायिक विपद् प्रतिकार्य स्वयंसेवी समूहको ज्ञान, सिप वा क्षमता विकास गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कुनै निश्चित विषयक्षेत्र जस्तै खोज तथा उद्धार, प्राथमिक उपचार, अग्नि नियन्त्रण आदिको ज्ञान, शिप सम्बन्धी तालिमका साथै

विपद्का समयमा संकटासन्न समूह महिला, बालबालिका, जेष्ठ नागरिक, शारीरिक अपांगता भएका र अशक्तहरुलाई दिनुपर्ने प्राथमिकता सम्बन्धमा समेत प्रशिक्षण दिइनेछ ।

(३) वडा स्वयंसेवक समितिको बैठक सामान्यतया वर्षको कम्तीमा ३ पटक बस्न सक्नेछ, तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(४) संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

(६) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) बैठकको निर्णय सामान्यतया सर्वसम्मत वा बहुमतको आधारमा गरिनेछ । यदि बहुमतले निर्णय हुन नसकी मत बराबर भएमा संयोजकको मत निर्णायक हुनेछ ।

(८) वडा स्वयंसेवक समितिको अन्य भूमिका, जिम्मेवारी तथा उत्तरदायित्व सम्बन्धित नगर स्वयंसेवक ब्युरोले तोकेबमोजिम हुनेछ ।

**१०. समुदायमा स्वयंसेवक समूह गठन र परिचालनः**

(१) टोल समुदायका विपद्सम्वन्धी तालीम प्राप्त जनशक्ति, समाजसेवी टोल विकास संस्था, स्थानीय स्काउट, महिला समूह, स्थानीय क्लबका प्रतिनिधिहरु, स्थानीय शिक्षक, रेडक्रस, अवकास प्राप्त प्रहरी तथा सेनाका प्रतिनिधीहरु र सामाजिक क्लवका प्रतिनिधीहरु र अन्य समाजिक अभियन्ताहरु मध्येबाट छनोट भएका व्यक्तिको संयोजकत्वमा स्वयंसेवक समूहको गठन गर्न सकिनेछ । स्वयंसेवक समूहलाई स्वयंसेवाको विषयक्षेत्र, कामको प्रकृति र विपद् प्रभावको स्तर अनुसार दफा ११ बमोजिम विभिन्न विषयक्षेत्रमा वर्गीकरण गरिनेछ ।

(२) समुदायस्तरमा गठित स्वयंसेवक समूहको ज्ञान, सिप वा क्षमता विकास गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कुनै निश्चित विषयक्षेत्रको ज्ञान, शिपसम्बन्धी तालिम दिनुका साथै विपद्का समयमा बढी जोखिममा हुने महिला, बालबालिका, जेष्ठ नागरिक, शारिरीक रुपमा कमजोर र अशक्त व्यक्तिहरुलाई दिनुपर्ने प्राथमिकता सम्बन्धमा समेत प्रशिक्षण दिनुपर्नेछ ।

(३) समुदायस्तरको स्वयंसेवक समूहको बैठक र स्वयंसेवकको परिचालन आवश्यकनुसार हुनेछ । संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

(४) समुदायस्तरको स्वयंसेवक समूहको अन्य भूमिका, जिम्मेवारी तथा उत्तरदायित्व सम्बन्धी व्यवस्था नगर ब्युरोले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद–४

११. **स्वयंसेवक सम्बन्धी विषयक्षेत्रः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा स्वयंसेवाका विषयक्षेत्र निर्धारण गरिनेः

(१) विभिन्न प्रकारका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने ज्ञान, शीप र क्षमता अनुसार सामान्य सेवा, विशेष दक्ष सेवा, विशिष्ट सेवा आदिमा वर्गीकरण गरी देहायका विषयगत क्षेत्रमा स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

(क) विभिन्न विपद् जोखिम सम्बन्धी सचेतना तथा पूर्वसूचना,

(ख) विपद्मा परेका व्यक्तिहरुको खोज तथा उद्धार,

(ग) प्राथमिक उपचार तथा आधारभूत स्वास्थ्योपचार,

(घ) बाढी, पहिरो, नदि कटान, आगलागी, वन डढेलो, चट्याङ, सडक दुर्घटना, हवाई दुर्घटना लगायतका विपद्मा खोज, उद्धार,

(ङ) विपद्बाट भएको क्षतिको द्रुत लेखाजोखा र विपद् प्रभावितहरूका लागि जीवनयापनमा आवश्यक पर्ने सहायताको लेखाजोखा,

(च) सामाजिक सुरक्षा तथा मनोसामाजिक परामर्श,

(छ) खाद्य लगायतका राहत सामाग्रीको वितरण तथा व्यवस्थापन,

(ज) अस्थायी आश्रयस्थल, क्याम्प वा क्वारेन्टाइन व्यवस्थापन,

(झ) महिला, बालबालिका, जेष्ठ नागरिक, शारिरीक अशक्त व्यक्तिहरुको संरक्षण र संबर्द्धन,

(ञ) नगर ब्युरोले तोकेका अन्य विषयक्षेत्रहरु,

(२) उपदफा (१) बमोजिमका विभिन्न विषयक्षेत्रमा परिचालन हुने स्वयंसेवक दफा १३ र नेपालको प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेको कुनै संघसंस्था वा निकायमा आवद्ध भएको वा आफू बसोबास रहेको समुदायस्तरको विपद् व्यवस्थापन समितिमा सङ्गठित भएको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमका स्वयंसेवकहको परिचालन तथा व्यवस्थापन यो निर्देशिकाको अधिनमा रही नगर स्वयंसेवक ब्युरोले आवश्यक अन्य निर्देशिका, मापदण्ड र आचार संहिता तर्जुमा गरी लागु गर्न सक्नेछ ।

## १२. स्वयंसेवकको योग्यताः

(१) दफा ११ बमोजिम विभिन्न विषयक्षेत्रमा सेवा गर्ने स्वयंसेवकको न्यूनतम योग्यता र अनुभव नगर स्वयंसेवक ब्युरोले निर्धारण गरे बमोजिम हुनेछ । साथै नगर स्वयंसेवक ब्युरोले स्वयंसेवकको कार्यक्षेत्र र विषयक्षेत्र अनुसारको अनुभव, योग्यता ज्ञान, शिप, क्षमता र स्तर निर्धारण तथा प्रमाणित गर्न आवश्यक मापदण्ड निर्धारण गरी लागु गर्नेछ ।

(२) नगर स्वयंसेवक ब्युरोले प्रदेश स्वयंसेवक ब्युरो र सम्बन्धित सरोकारवालाहरू सँग समेत आवश्यक समन्वय गरी दफा ११ बमोजिम बिभिन्न विषयक्षेत्रका स्वयंसेवकको अनुभव, योग्यता, ज्ञान, शीप, क्षमता र स्तर निर्धारण, परीक्षण तथा परिचालन गर्न आवश्यक कार्यशर्त, आचारसंहिता आदि तर्जुमा गरी कार्यान्वयन गर्न गराउन सक्नेछ ।

## १३. स्वयंसेवक सङ्गठित हुनुपर्नेः

(१) विपद् जोखिम न्यूनीकरण तथा  व्यवस्थापनका विभिन्न क्षेत्रमा स्वयंसेवकको रुपमा काम गर्न वा परिचालन हुन ईच्छुक व्यक्तिले दफा ११ (२) बमोजिम अनुमती प्राप्त संघसंस्था वा निकायमा सङ्गठित भएको हुनु पर्नेछ । तर प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संघसंस्था वा सरकारी निकायमा सेवा गरी कम्तिमा पाँच वर्षको अनुभव प्राप्त गरेका व्यक्तिले नगर स्वयंसेवक ब्युरोले जारी गरेको निर्देशिका र आचार संहिता पालना गर्ने गरी स्वयसेवकको रुपमा परिचालन हुन सक्नेछन ।

(२) कुनै व्यक्ति विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकको रुपमा परिचालन हुँदा निज आफु सङ्गठित संस्थाको प्रतिनिधित्व गरी परिचालित हुनेछ ।

(३) उपदफा (२) बमोजिम परिचालन हुने स्वयंसेवकले आफु सङ्गठित भएको संस्थाको नियमानुसारको सेवा सुविधा पाउनेछ ।

**१४. स्वयंसेवकको काम, कर्तव्यः**

**(१) स्वयंसेवकको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।**

(क) यस निर्देशिका र यस अन्तर्गत बनेका स्वयंसेवक मापदण्ड र आचार संहिताको पालना गर्ने ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा नगर ब्युरोले तोकेको कार्यशर्त बमोजिम कार्य सम्पादन गर्ने ।

(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा प्राप्त शक्ति, स्रोत र अधिकारको जिम्मेवार र जवाफदेही भई पारदर्शी र प्रभावकारी रुपमा उपयोग गर्ने ।

**१५. स्वयंसेवकको आचारसंहिताः**

(१) प्रत्येक स्वयंसेवकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदाका बखत वा दैनिक ब्यवहार र व्यक्तिगत जीवनमा समेत असल आचरण प्रस्तुत गर्नुका साथै तोकिएको आचारसंहिता पालन गर्नुपर्नेछ ।

(२) स्वयंसेवकले पालना गर्नुपर्ने आचार संहिता नगर स्वयंसेवक ब्युरोले तयार गरी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत गराई लागु गर्नेछ । तर राष्ट्रिय स्वयंसेवक ब्युरोले जारी गरेको उक्त आचारसंहिताको प्रतिकूल हुने गरी परिमार्जन गरिने छैन ।

(३) उपदफा (२) बमोजिमको आचारसंहितामा नगर ब्युरोले आफ्नो परिवेश अनुसार परिमार्जन गरी लागु गर्न सक्नेछन ।

**१६. स्वयंसेवकको कार्यकालसम्बन्धी व्यवस्थाः**

(१) कामको प्रकृति अनुसार स्वयंसेवकको कार्यकाल सम्बन्धित ब्युरोले तोके बमोजिम हुनेछ । मनासिव कारण विना कुनै पनि स्वयंसेवकलाई तोकिएको समयावधि अगावै स्वयंसेवा गर्नबाट वञ्चित गरिनेछैन ।

(२) नगर स्वयंसेवक ब्युरोले विपदको प्रकृति, विपद् जोखिमको अवस्था र जटिलता अनुसार स्वयंसेवकको उमेर हद निर्धारण गर्नेछ, सामान्यतया यसरी आबद्ध हुने स्वयंसेवकको उमेर ५० वर्ष भन्दा बढी नभएको हुन वाञ्छनीय छ ।

**१७. स्वयंसेवकको क्षमता विकाससम्बन्धी व्यवस्थाः**

(१) स्वयंसेवकको क्षमता विकासका लागि नगर स्वयंसेवक ब्युरोले देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछः

(क) स्वयंसेवक आवद्ध विषयक्षेत्रसँग सम्बन्धित शिक्षा, तालिम, प्रशिक्षण र अभ्यास प्रदान गर्ने ।

(ख) स्वयंसेवकलाई तोकिएको कार्यसम्पादनका लागि आवश्यक मेशिन, औजार, उपकरण र अन्य सामग्रीहरु उपलब्ध गराउने ।

(ग) बिभिन्न प्रकोपबाट हुने सम्भावित विपद् परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास आयोजना गर्ने ।

(घ) तालिमको प्रकृति अनुसार निश्चित समय पश्चात पुनर्ताजगी तालिमको आयोजना गरी उनिहरुको ज्ञान र शीप अभिबृद्धि गर्ने ।

(ङ) स्वयंसेवकको क्षमता विकाससम्बन्धी अन्य काम गर्ने, गराउने ।

(२) स्वयंसेवकको क्षमता विकास कार्यमा आवश्यक सहयोगको लागि नगर ब्युरोले राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्नसक्नेछ ।

(३) स्वयंसेवक समूहको क्षमता विकास कार्यमा आवश्यक सहयोगको लागि नगर ब्युरोले प्रदेश तथा जिल्ला स्वयंसेवक ब्युरोलाई अनुरोध गर्नसक्नेछ ।

(४) नगर स्वयंसेवक ब्युरोले स्वयंसेवकको क्षमता विकासका लागि आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गर्नु, गराउनुपर्नेछ ।

(५) नगर स्वयंसेवक ब्युरोले स्वयंसेवकको क्षमता विकास गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित संघसंस्था वा निकायसँग साझेदारी र सहकार्य गर्न सक्नेछ ।

**१८. स्वयंसेवकको विमा र स्वास्थ्य उपचारसम्बन्धी व्यवस्था:**

(१) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघसंस्था वा निकायले आफुसँग सङ्गठित स्वयंसेवकको आवश्यक औषधोपचार र प्रचलित नियम बमोजिम दुर्घटना विमा गर्नु, गराउनु पर्नेछ ।

(२) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघसंस्था वा निकाय सूचीकृत गर्दा वा ती संघसंस्था वा निकायको विवरण अद्यावधिक गर्दा वा दर्ता नवीकरण गर्दा सम्बन्धित संस्थाले स्वयंसेवकको औषधि उपचार र दुर्घटना विमासम्बन्धी व्यवस्था भए नभएको सुनिश्चित गर्नुपर्नेछ ।

(३) कुनै स्वयंसेवकको सम्बन्धित संघसंस्था वा निकायले औषधि उपचार र दुर्घटना विमासम्बन्धी व्यवस्था गरेको नपाईएमा नगर स्वयंसेवक ब्युरोले औषधि उपचार र दुर्घटना वीमा सम्बन्धी व्यवस्था गर्नु गराउनु पर्नेछ ।

**१९. स्वयंसेवक सेवामुक्त सम्बन्धी व्यवस्था:**

(१) कुनै स्वयंसेवकले तोकिएको आचारसंहिताको पालना नगरेमा वा तोकिएको जिम्मेवारी पुरा गरेको नदेखिएमा नगर ब्युरोले उक्त स्वयंसेवकलाई स्वयंसेवा गर्नबाट हटाउन सम्बन्धित संघसंस्था वा निकायलाई निर्देशन दिनेछ । सम्बन्धित संघसंस्था वा निकायले सो निर्देशनको तत्काल पालना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन सम्बन्धी जानकारी नगर ब्युरोले छिटो साधनद्वारा राष्ट्रिय स्वयंसेवक ब्युरोलाई दिनेछ । यसैगरी नगर ब्युरोले पनि आफुले दिएको निर्देशन सम्बन्धी जानकारी वडा तथा समुदायका स्वयंसेवक टोलीलाइ र सरोकारवाला संघसंस्था लाई दिनुपर्नेछ ।

(३) नगर स्वयंसेवक ब्युरोले समय समयमा स्वयंसेवक परिचालनको निरीक्षण र अनुगमन गर्नेछ । निरीक्षण र अनुगमन क्रममा कुनै स्वयंसेवकलाई स्वयंसेवाबाट हटाउन पर्ने देखिएमा तुरन्त हटाउन सम्बन्धित संघसंस्था वा निकाय र स्वयंसेवक ब्युरोलाई निर्देशन दिन सक्नेछ ।

(४) कुनै स्वयंसेवकले कुनै कसुर गरेको देखिएमा कसुरको गाम्भीर्यता हेरी प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

**२०. स्वयंसेवाको कदर तथा सम्मान:**

(१) स्वयंसेवकको कार्यसम्पादन मूल्याङ्कनको आधारमा नगर ब्युरोले नगद पुरस्कारका साथै प्रोत्साहन वा कदर गर्न सक्नेछ । यससम्बन्धी विधि र मापदण्ड नगर ब्युरोले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद–५

**२१. उपमहानगरपालिकाको भूमिका:**

**(१) उपमहानगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछ:**

(क) नगर स्वयंसेवक ब्युरोका साथै वडा तथा समुदायतहमा स्वयंसेवक समूह गठन र सञ्चालन गर्न सहयोग गर्ने ।

(ख) नगर विपद् व्यवस्थापन समिति वा ब्युरोले पेश गरेको स्वयंसेवक विकास तथा परिचालन योजना नगरकार्यपालिका बाट स्वीकृत गरी लागु गर्ने, गराउने ।

(ग) उपमहानगरपालिका अन्तर्गत विपद् पूर्वतयारी र प्रतिकार्यमा स्वयंसेवकको प्रबन्ध र प्रभावकारी परिचालन गर्न स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघसंस्था वा निकायसँग समन्वय र सहकार्य गर्न नगर स्वयंसेवक ब्युरोलाई सहयोग गर्ने ।

(घ) स्वयंसेवक विकास र परिचालनका लागि उपलब्ध स्थानीय स्रोत परिचालन गर्नुका साथै प्रदेश सरकार र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गरी अन्य आवश्यक स्रोत साधन जुटाउन नगरपालिका ब्युरोलाई सहयाग गर्ने ।

(ङ) स्वयंसेवक विकास र परिचालनका लागि रेडक्रस, राजनैतिक दलहरू, अन्य सामाजिक संघसंस्था वा निकायहरूसँग सहकार्य र समन्वय गर्न नगर स्वयंसेवक ब्युरोलाई सहयोग गर्ने ।

(च) विभिन्न संघसंस्थाबाट परिचालन हुने स्वयंसेवकहरुलाई एकद्वार प्रणाली अन्तर्गत नगर स्वयंसेवक ब्यरोको समन्वयमा खटनपटन सुनिश्चित गर्ने र सो को अभिलेख नगर स्वयंसेवक ब्युरोमा अद्यावधि राख्ने ।

(छ) नगर स्वयंसेवक ब्युरो, वडा स्वयंसेवक परिचालन समिति र सामुदायिक स्वयंसेवक समूहहरूले गरेका कार्यको अनुगमन, मूल्याङ्कन गर्ने गराउने ।

## २२. सुरक्षा निकायको भूमिकाः

**(१) सुरक्षा निकायको भूमिका देहाय बमोजिम हुनेछः**

(क) नगर स्वयंसेवक ब्युरोले नगर, वडा तथा समुदायमा रहेका स्वयंसेवकको क्षमता विकासका लागि माग गरे बमोजिम आवश्यक तालिम तथा अभ्यास प्रदान कार्यमा सहयोग गर्ने ।

(ख) विपद् पूर्वतयारी अभ्यास र विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरुमा सम्बन्धित स्वयंसेवक ब्युरो र स्वयंसेवक समूहबीच समन्वय र सहकार्य गर्ने ।

(ग) स्वयंसेवक परिचालन आचार संहिता र अनुशासनको पालना गर्न, गराउन सहयोग गर्ने ।

## २३. विषयगत शाखा/महाशाखाहरुको भूमिकाः

(१) उपमहानगरपालिकाका विषयगत शाखाहरुले आफ्नो विषयक्षेत्रसँग सम्बन्धित स्वयंसेवक उत्पादन गर्ने, क्षमता विकास गर्ने र प्रभावकारी परिचालन गर्ने सम्बन्धमा नगर स्वयंसेवक ब्युरोलाई सहयोग र समन्वय गर्ने ।

## २४. गैरसरकारी संघसंस्था, राजनीतिक दल र निजी प्रतिष्ठानहरूको भूमिकाः

**(१) रेडक्रस, स्काउट, संघसंस्था, राजनितिक दल र निजी प्रतिष्ठानहरुको भूमिका देहाय बमोजिम हुनेछः**

(क) विपद् पूर्वतयारी तथा प्रतिकार्यको समयमा नगर स्वयंसेवक ब्युरो र सुरक्षा निकायहरुबीच सहयोग, समन्वय र सहकार्य गरी जनधनको रक्षा गर्ने ।

(ख) तोकिएको निर्देशिका, मापदण्ड र आचार संहिता अन्तर्गत रही आफ्नो विषयक्षेत्र अनुरुपका स्वयंसेवक सङ्गठित गर्न, सूचीकरण गर्न, क्षमता विकास गर्न र परिचालन गर्न नगरपालिका स्वयंसेवक ब्युरोसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ग) विपद्को क्षेत्रमा क्रियाशिल गैससहरुले स्वयंसेवक परिचालन कोष स्थापन गर्ने र प्रचलित कानुन बमोजिम सो को अभिलेख राख्ने ।

(घ) मानवीय सहायताको क्षेत्रमा परिचालन गरिने यस्ता स्वयंसेवकहरुलाई एकद्वार प्रणाली अन्तर्गत नगर स्वयंसेवक ब्यरोसँग समन्वय गरी खटनपटन गर्ने र सो को अभिलेख नगर स्वयंसेवक ब्युरोलाई उपलब्ध गराउने ।

## परिच्छेद–६

**२५. बजेट तथा आर्थिक व्यवस्थाः**

**(१) विभिन्न विषयक्षेत्रमा स्वयंसेवक सङ्गठित गर्न, क्षमता विकास गर्न र परिचालन गर्न आवश्यक बजेट तथा आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः**

(क) नगरपालिकाभित्र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि खटिएका स्वयंसेवकहरुका लागि नगरपालिकाले आवश्यक बजेटको व्यवस्था गर्नुपर्नेछ ।

(ख) सरकारी, गैरसरकारी संघसंस्था वा निजी क्षेत्रबाट खटिएका स्वयंसेवकलाई मानवोचित आवश्यक निर्वाह खर्च, औषधि उपचार व्यवस्था र विमाको प्रवन्ध स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघसंस्था वा निकायले गर्नुपर्नेछ ।

(ग) स्वयंसेवक सङ्गठित गर्ने संघसंस्था वा निकायले आफुसँग संगठित वा आवद्ध स्वयंसेवकलाई निजले गर्ने कामको प्रकृति, विषयक्षेत्र र कार्यबोझ अनुसार स्वयंसेवामा खट्दा आवश्यक पर्ने न्यूनतम बन्दोबस्तीका सामग्री, पोशाक, ब्यक्तिगत सुरक्षा सामग्री र आधारभूत आवश्यकता सम्बोधन गर्ने सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।

(२) उपमहानगरपालिकाले आवश्यकता अनुसार स्वयंसेवक परिचालन गर्न बजेट विनियोजन गर्ने, खर्चको फाँटवारी राख्ने र आर्थिक कारोवारको लेखापालन र लेखापरीक्षण गराउने साथै समय समयमा खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(३) गैरसरकारी संघसंस्था वा निकाय र निजी प्रतिष्ठान लगायत मानवीय सहायतामा क्रियाशील जुनसुकै सङ्गठन मार्फत परिचालन हुने स्वयंसेवकको परिचालन खर्चको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**२६. निर्देशिका कार्यान्वयनः**

(१) उपमहानगर, वडा तथा समुदायमा रहेका स्वयंसेवकहरु तथा स्वयंसेवकको परिचालन गर्ने संस्थाहरुले यस निर्देशिकाको कार्यान्वयन गर्न सहयोग गर्नेछन् ।

**२७. पुनरावलोकन र अद्यावधिक सम्बन्धी व्यवस्थाः**

(१) उपमहानगरपालिकाले आवश्यकता अनुसार यो निर्देशिका अद्यावधिक र परिमार्जन गर्नेछ ।

२८. **अनुगमन तथा मूल्याङ्कनः** नगरभित्र ब्युरोले विपद जोखिम र न्यूनीकरण तथा ब्यवस्थापनका लागि गरिएका कामको उपलब्धी लगायतको अनुमगन मुल्याङ्कनको जिम्मेवारी ब्युरोका संयोजक तथा प्रमुख एवं नगर विपद् ब्यवस्थापन समितिबाट हुनेछ ।

**२९. अभिलेख तथा प्रतिवेदन**

स्वयंसेबक ब्युरोले विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनमा गरेको कार्यहरुको चुस्त अभिलेख राखी बार्षिक कार्यसम्पन्न प्रतिवेदन अध्यक्ष मार्फत नगर विपद् ब्यवस्थापन समिति र

नगरकार्यपालिका बैठकमा पेस गर्नुपर्ने छ । साथै  जिल्ला विपद् व्यवस्थापन समितिलाई समेत उक्त प्रतिवेदन पेश गर्न सक्नेछ ।

३०. **वाधा अड्काउ फुकाउने सम्बन्धमा:** यो निर्देशिका कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा आइपरेमा उपमहानगरपालिकाले बाधा अड्काउ फुकाउने वा द्विविधाको निवारण गर्नेछ ।

## अनुसूची - १

स्वयंसेवक र स्वयंसेवक समूहको कार्य विवरण

(१) विपद् पूर्वतयारी र विपद् प्रतिकार्य सम्बन्धी कार्यमा खटिने स्वयंसेवकको विषयक्षेत्र, कार्यप्रकृति र मात्रा अनुसार स्वयंसेवक, स्वयंसेवक समूह र तिनको कार्य विवरण नगर स्वयंसेवक ब्युरोले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नगर स्वयंसेवक ब्युरोले स्वयंसेवकको विषयक्षेत्र, कार्यप्रकृति र विपद् फैलावटको आयतन अनुसार कार्य विवरण तयार गरी यस अनुसूचीमा समावेश गर्नेछ ।

### स्वयमसेवक कार्य विवरणमा समावेश हुनुपर्ने बुदाँहरु

- स्वयमसेवकले खटाएको कार्यक्षेत्रमा प्रतिवद्ध भई सामुहिक कार्य गर्नुपर्ने छ ।
- मनविय सेवामा स्वतस्फूर्तरुपमा परिचालन हुनुपर्ने
- कार्यक्षेत्रमा खटिदा आधारभूत मानवीय मूल्यमान्यता अनुसार स्वयमसेवा गर्नुपर्ने
- स्वयमसेवकले आफुले गरेको कार्यको विवरण नियमित रुपमा सम्वन्धित व्यूरोलाई जानकारी गराउनुपर्ने
- आफसंग भएको सिप, ज्ञान र जानकारी मात्र प्रयोग गर्ने
- स्वयमसेवा निःस्वार्थ तथा भेदभावरहित गर्नुपर्ने
- सुरक्षाका सवै मापदण्ड पालना गर्नुपर्ने
- स्वयमसेवा गर्दा आफ्नो सूरक्षा पहिला अवधारणालाई अवलम्वन गर्ने
- आफ्नो क्षमतालाई सदैव अभिवृद्धि गर्ने हुनुपर्ने
- पिडीतलाई आवश्यककताको आधारमा मूल्यमान्यता  अनुरुप सेव ागर्ने

## अनुसूची - २
स्वयंसेवक सूचीकरण फाराम

(१) विपद् पूर्व तयारी तथा विपद् प्रतिकार्यमा परिचालन हुने स्वयंसेवक सूचिकरण सम्बन्धी फाराम नगर स्वयंसेवक ब्युरोले निर्धारण गरे बमोजिम हुनेछ । उपमहानगरपालिकाभित्रका वडा तथा समुदायमा र स्वयंसेवक संगठित एवं परिचालन गर्न नगर स्वयंसेवक सूचीकरण फाराम यस अनुसूचीमा समावेश गरिएको छ ।

### स्वयसेवक आवेदन फारम

| | |
|---|---|
| १) नाम,थर | फोटो |
| ३) अस्थायी ठेगाना: | |
| ४) स्थायी ठेगाना: | |
| ५: ना.प्र.नं. /रा.परिचयपत्र: | |
| ६: पेशा: | |
| ७:सम्पर्क नम्वर:<br><br>इमेल ठेगाना: | |
| ८: आवद्ध सस्थाको नाम : | |
| सस्था दर्ता नं.: | |
| दर्ता मितिः | |
| सम्पर्क नम्मर: | |
| तालीमको विवरण | |
| अन्य सम्वन्धित शिप तथा ज्ञानवारे थप जानकारी | |

# अनुसूची - ३

## स्वयमसेवक परिचालन संचार सम्यन्त्र

